अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं


मिति: २०८०।०३।२० गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बारा, सिम्रौनगढ नगरपालिकाले मधेश प्रदेश सरकारको अनुदानबाट आ.व. २०७७/०७८ मा संचालित योजनाहरुमा रकम निकासा गरी योजना संचालन एवं सम्पन्न नै नगराई रकम हिनामिना गरेको भन्ने समेतको संसदीय अनुगमन विशेष समिति मधेश प्रदेशको प्रतिवेदन उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बारा, सिम्रौनगढ नगरपालिकाका **तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साह कानु, लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरी, इन्जिनियर सुरेश कुमार यादव र सव-इन्जिनियर उपेन्द्र कुशवाहाले** सिम्रौनगढ नगरपालिका, वडा नं. २ स्थित रानीवास संग्राहलय भवन निर्माण कार्यमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे/नगराएको परिमाणको कार्य भएको भनी नापी किताब चढाई, झुट्टा बिल भरपाई र गलत कार्यसम्पन्न प्रतिवेदन तयार गरी नभए नगरेको कार्य समेत भए गरेको भनी भए गरेको भन्दा बढी मूल्याङ्कन गरी गराई रु.४,०२,९८०।२० बढी भुक्तानी दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिमको कसुर गरेको देखिन आएकोले निजहरु वीरेन्द्र प्रसाद साह कानु, सर्मेन्द्र प्रसाद चौधरी, सुरेश कुमार यादव र उपेन्द्र कुशवाहालाई बढी भुक्तानी दिएको रु.४,०२,९८०।२० (चार लाख दुई हजार नौ सय असी रुपैयाँ र पैसा बीस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद एवं जरिवाना गरी बिगो रकम असुल उपर हुन एवं प्रतिवादीहरु सुरेश कुमार यादव र उपेन्द्र कुशवाहाले उक्त संग्रहालय भवन निर्माण कार्यको गलत नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसुर गरेको देखिन आएकोले सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ।

साथै, जिल्ला बारा, सिम्रौनगढ नगरपालिका, वडा नं. २ स्थित रानीवास संग्राहलय निर्माण उपभोक्ता समितिका **अध्यक्ष निरंजन प्रसाद कुशवाहा, सचिव रामपाल दास र कोषाध्यक्ष संध्या देवी**ले नगरपालिकासँग भएको सम्झौता बमोजिमको शर्त पालना नगरी निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे नगराएको परिमाणको झुट्टा बिल भरपाई बनाई बढी मूल्याङ्कन गरी गराई रु.४,०२,९८०।२० बढी रकमको बिल नगरपालिकाको कार्यालयमा पेश गरी बढी भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसुर गरेको देखिन आएकोले निजहरु निरंजन प्रसाद कुशवाहा, रामपाल दास र संध्या देवीलाई रु.४,०२,९८०।२० (चार लाख दुई हजार नौ सय असी रुपैयाँ र पैसा बीस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल